कृषि ज्ञान केन्द्र, ओखलढुंगाको

# मासिक कृषि बुलेटिन

“कृषि मुलश्य जीबनम”

वर्ष १ अंक ८ चैत्र महिना-२०७७/०७८

## यस भित्र

Contents

१.कृषि ज्ञान केन्द्रबाट संचालन हुने कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रमहरु

२. कृषि ज्ञान केन्द्रबाट संचालन हुने प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतका कार्यक्रमहरु

३. कृषि व्यसाय प्रवर्द्धन अनुदान कार्यक्रमहरुको संचालन अवस्था

४. कार्यालयबाट संचालन हुने कार्यक्रमको अवस्था

५.मकैको अमेरिकन फौजी किरा र यसको व्यवस्थापन

प्रकाशक

प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र ओखलढुंगा

प्रदेश नं. १

कार्यक्षेत्रः ओखलढुंगा

टोल फ्री नं. १६६००३७५२०००

फोन नं. ०३७-५२०१३०

इमेल ठेगानाः akcokhaldhunga@gmail.com

## १.कृषि ज्ञान केन्द्र ओखलढुंगाबाट संचालन हुने कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रमहरु

कृषि यान्त्रिकरणका लागि औजार उपकरण प्रवर्द्धन कार्यक्रम संचालनका लागि २ वटा आपूर्तिकर्ताहरु संग सम्झौता भएको र कृषकहरुका लागि मिति २०७८/०१/३ गते सूचना प्रकाशन गरि कृषि यान्त्रिकरण औजार उपकरणका लागि पूर्ण निबेदन माग गरिएको छ ।

## २.कृषि ज्ञान केन्द्र ओखलढुंगाबाट संचालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका कार्यक्रमहरु

कृषि ज्ञान केन्द्र ओखलढुंगाबाट संचालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका जम्मा ४ वटा ब्लक विकास कार्यक्रम(आलु ब्लक २ वटा, आँप ब्लक १ वटा र तरकारी ब्लक १ वटा) कार्यान्वयनमा रहेका छन । उक्त ब्लक विकास कार्यक्रम अन्तर्गत २३ वटा अनुदान लाभग्राही समूह/संस्थाहरुले कार्य गरिरहेका छन ।

## ३. कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रमहरु संचालन आवस्था

गत वर्ष छनौट भई विश्व भरि फैलिएको कोभिड १९ कोरोना भाईरसका कारण संचालन हुन नसकेका कार्यक्रम आ.व. २०७७/७८ को स्विकृत वार्षिक कार्यक्रममा निरन्तरता पाएर संचालन भईरहेका कार्यक्रमहरुमा चैत्र महिनामा कार्य सम्पन्न भई भुक्तानी भएका कार्यक्रमहरु देहाय बमोजिम रहेका छन ।

| कार्यक्रम | सम्पन्न भई भुक्तानी भएको |
|---|---|
| ➢ मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | १ वटा |
| ➢ नमुना कृषि फर्म स्थापना सहयोग कार्यक्रम | १ वटा |
| ➢ सघन बाली विकास आयोजना | १ पटक |

## ४. कार्यालयबाट संचालन हुने कार्यक्रमको अवस्था

मोलुंग गाउँपालिका वडा नं ५ मा संचालन भईरहेको गहुँबालीमा जातीय गुण प्रदर्शन कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम मार्फत लगाईएका ४ वटा जातका गहुँ( गौतम, धौलागिरी, डब्लु के १२०४ र स्थानीय) मध्ये त्यस क्षेत्रका लागि गौतम जात उपयुक्त देखिएको छ । त्यसै गरि अरु दुईवटा प्रदर्शनका कर्यक्रमहरु सिद्धिचरण नगरपालिका क्षेत्रमा संचालन भईरहेका छन ।

## ५. मकैको अमेरिकन फौजी किरा र यसको व्यवस्थापन

अमेरिकन फौजी किरा अमेरिकाको रैथाने किरा हो यो किरा २०१६ आफ्रिकामा महामारीको रूप देखिएको थियो भने सन २०१६ मा भारत को कर्टाक राज्यमा पनि देखिएको थियो । यस्तै नेपालमा पहिलो पटक २०१९ मे मा नवलपुर जिल्लामा देखिएको थियो । यो किरा नेपालका अधिकांस जिल्लामा देखा परेको छ । यो किरा बिशेषगरि मकैमा बढी लाग्ने गर्दछ । नेपालका विभिन्न जिल्लामा देखिएको अमेरिकी फौजी किराको प्रकोपले किसानहरु पिढित भएका छन् ।
मकै बालीबाट राम्रो आम्दानी लिने सोच बनाएका किसान फौजी किराको आक्रमणबाट अनिकालले सताउने हो कि भन्ने चिन्तामा छन् ।अमेरिकन फौजी किरा (फल आर्मीवर्म) मकैबालीमा लाग्ने पुतली समूहअन्तर्गत पर्ने किरा हो । यसको वैज्ञानिक नाम स्पोडोप्टेरा फ्रयुगिपेर्डा हो । यो राति चर्न मन पराउँछ । अमेरिकी महादेशको उष्ण तथा उपोष्ण क्षेत्रमा पाइने रैथाने किरा भारत हुँदै नेपाल छिरेको विज्ञहरु बताउँछन् । बैशाख २६ गते नवलपरासीको गैंडाकोट क्षेत्रमा पहिलोपटक फौजी किरा फेला परेको थियो । यो कीरा बालीका लागि निकै हानिकारक हुने गरेको छ ।
बालीमा क्षति पुर्याउने कीराको लार्भाले हो । फौजी कीराको लार्भा धेरै खन्चुवा हुन्छ । मकैको पात, गुभो, जुँगा र घोगा समेत खाइदिन्छ । यसले मकै मात्रै नभई जुनेलो, धान, गहुँ, कोदो, उखु, बन्दा चुकन्दर, बदाम, भटमास, प्याज, कपास, गोलभेंडा, आलु तथा अन्य घाँसमा पनि असर पुर्याउने गरेको छ । बालीनालीका लागि अहिलेसम्मकै खतरा मानिएको फौजी किराले ८० भन्दा बढी प्रकारका बालीनालीमा क्षति गर्ने गरेको अध्ययनले

देखाएको छ । खाना र बासस्थानको खोजीमा यो किराको बयस्क पुतली एक दिनमा १ सय किलोमिटर र जीवनमा २ हजार किलोमिटरसम्म उडेर जान सक्छ ।

**क्षती**

यस फौसी किराको जिवन चक्रमा अण्डा, लार्भा, प्युपा र वयस्क गरि चार चरण हुने गर्दछ । यी मध्ये लार्भा अवस्था मुख्य हानिकार रहन्छ । अन्य अवस्था ले असर नगरेपनि आफ्नो जिवन चक्र बनाई रहन्छ । वयस्क भाले र पोथीको संसर्ग पछि पुतली बिरूवाको पात अन्य भागमा १० देखि २०० वटा अण्डा थुर्पोमा पर्दछ । एउटा पोथी किरा ले औषतमा करिब १५०० वटा अण्डा पार्दछ । वस्यक पुतली ध्वाँसे रङको हुन्छ र पुर्ण रूपले बढेका लार्भाहरू गाढा हरिया अलि पहेंला रङ्ग मिसिएको र पिठ्युमा धर्का भएका हुन्छन लार्भाहरू ले मकैको बिरूवाको सबै भागमा क्षेति पुर्याउंछन ।

**रोकथाम तथा नियन्त्रण**

मकै रोप्नु पहिले गहिरो रुपमा खनजोत गर्नु पर्दछ । घोगा राम्रो संग खोस्टाले छोपिने जातको मकै लागाउने, मकैमा कोसेबाली अन्तरबालीको रूपमा लगाई किराको प्रकोप कम गर्न सकिन्छ । डेस्मोडिअम घाँस यो किरा लाई मन नपर्ने हुनाले मकै को बीच बीचमा यो घाँस लगाएर किरा लाई धपाउने, छेउछेउमा किरा लाई मन पर्ने नेपिअर घाँस लगाएर किरा लाई आकर्षित गर्ने, सिफारिस अनुसार मल प्रयोग गरेर बिरूवा लाई स्वस्थ्य र बलियो बनाउने, बिषादी छर्दा एक रोपनीमा लगाएको मकै मा २५ लिटर बिषादी हालेर तयारी झोल प्रयोग गर्ने र तयारी गुभोमा पर्ने गरी हाल्ने, मकै को पातमा प्वाँल परेको तथा गुभोमा क्षेतिको लक्षण देखा परेमा इमामेक्टिन बेल्जोएट ५ प्रतिशत एसजी ०.४ ग्राम प्रतिलिटर पानीमा मिसाई छर्ने, एउटै बिषादी निरन्तर प्रयोग नगरी आलो पालै प्रयोग गर्ने तथा घोगा लागेको मा बिषादी छर्न हुदैन । बिश्व भरी कोरोनाको प्रकोप बढिरहेको बेला मकैमा भने अमेरिकन फौजी किराको प्रकोप बढी रहेको देशका बिभिन्न जिल्लामा यतिबेला मकै रोप्ने र गोड्ने बेला भएको छ । झन्डै झन्डै तिन सय बतिस बालीमा देखा परेको छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुंगा**
प्रदेश नं. १
कार्यक्षेत्रः ओखलढुंगा